नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं, नेपाल

वेबसाइड: adboard.gov.np

इमेल: info@adboard.gov.np

सम्पर्क नं.०१-५९०९३४४

प.स: २०८१/८२
च.न.:

मिति २०८१/०५/३१

## सरकारी विज्ञापन तथा सूचना प्रकाशन गर्न दररेट सार्वजनिक गरिएको सम्बन्धी सूचना !

सरकारी विज्ञापन तथा सूचना प्रकाशन गर्न दररेट सार्वजनिक गर्ने प्रयोजनको लागि विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३२ तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ५ख. बमोजिम नेपाल सरकार वा अन्तर्गतका निकाय तथा कार्यालयको चालु आ.व. २०८१/८२ का लागि विज्ञापन तथा सूचना प्रकासन गर्न इच्छुक पत्रपत्रिकाहरुले विज्ञापन बोर्डमा पेश गरेको विज्ञापन वा सूचनाको दररेट मिति २०८१/०५/३१ को निर्णयानुसार सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं, नेपाल

सम्पर्क नं.०१-५९०९३४४

## सरकारी विज्ञापन प्रकाशन तथा प्रसारण र रकम भुक्तानी सम्बन्धी अत्यन्त जरुरी सूचना !

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ख. बमोजिमका सार्वजनिक निकायहरुले विज्ञापन तथा सूचना प्रकाशन तथा प्रसारण गर्दा गराउँदा तथा सो को भुक्तानी गर्दा देहाय बमोजिम गर्न गराउनु हुन विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३२ तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क. बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

१. विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चार माध्यमहरुबाट मात्र विज्ञापन तथा सूचना प्रकाशन तथा प्रसारण गर्न गराउनु हुन ।

२. बोर्डमा सूचिकरण भएको विज्ञापन एजेन्सीसंग मात्र कारोबार गर्न गराउनु हुन ।

३. सञ्चार माध्यममा सोझै विज्ञापन प्रकाशन तथा प्रसारण गरेको भए त्यस्तो सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन प्रकाशन तथा प्रसारण गरिएको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको विल बमोजिम भुक्तानी गर्नु गराउनु हुन ।

४. विज्ञापन सम्बन्धी कारोबारको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा (२) को खण्ड 'ख' को व्यवस्था बमोजिम सरकारी निकायले तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा अनिवार्य रुपमा जम्मा गर्नु गराउनु हुन र सो को जानकारी बोर्डलाई गराउनु हुन।